# विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोग (COVID-19) को रोकथाम, नियन्त्रण र व्यवस्थापनमा भएका मुख्य-मुख्य कार्यहरू

१. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा उच्चस्तरीय निर्देशक समिति गठन भै कोरना भाइरस रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको कार्य भइरहेको छ ।

२. माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूको संयोजकत्वमा कोरोना भाइरस रोग (COVID–19) रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा समन्वय समिति गठन गरी कार्य भइरहेको छ ।

३. प्रमुख सचिवको संयोजकत्वमा कोरोना भाइरस रोग (COVID–19) को रोकथाम तथा नियन्त्रण गर्ने सम्वन्धमा प्रदेश स्तरीय समन्वय समिति गठन गरी कार्य भइरहेको छ ।

४. सामाजिक विकास मन्त्रालय मातहत स्वास्थ्य क्षेत्रका प्राविधिक जनशक्ति सम्मिलित कार्य प्रकृति र क्षेत्र अनुसार छुट्टा छुट्टै १० वटा उप-समिति गठन गरी स्वास्थ्यकर्मी खटन पटनको कार्य गरिएको छ ।

५. प्रदेश सरकारले १५ करोड रूपैयाँको कोरोना भाइरस रोग (COVID–19) रोकथाम, नियन्त्रण तथा उपचार कोष खडा गरेको र सो कोषमा स्वैच्छिक रूपमा रकम जम्मा गर्न आव्हान गरिएकोमा बिभिन्न संघसंस्थाबाट रकम जम्मा गर्ने कार्य जारी रहेको छ। त्यसैगरी, प्रदेश सरकारले उक्त कोष सञ्चालन कार्यविधि बनाई कार्यान्वयनमा ल्याएको छ।

६. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरालाई आइसोलेशन तथा डेडिकेटेड अस्पतालको रुपमा तोकी कोरोना भाइरस रोग (COVID–19) को उपचार गर्न नेपाल सरकारको निर्णय बमोजिम कार्य अगाडि बढाइएको छ ।

७. पोखराको पृथ्वी चोक स्थित चरक मेमोरियल अस्पताललाई आइसोलेशन तथा डेडिकेटेड अस्पताल तोकी कोरोना भाइरस रोग (COVID–19) को उपचार गर्न आवश्यकता अनुसार प्रयोग गर्न सकिने गरी तयारी अवस्थामा राखिएको छ।

८. कोरोना भाइरस रोग (COVID–19) को उपचार गर्न आइसोलेशन तथा डेडिकेटेड अस्पतालको रुपमा आवश्यकता अनुसार प्रयोग गर्न सकिने गरी शिसुवा सामुदायिक अस्पताललाई तयारी अवस्थामा राख्ने निर्णय गरिएको छ।

९. ११ वटै जिल्लाका अस्पताललाई कोरोना भाइरस रोग (COVID–१९) को रोकथाम, नियन्त्रण तथा उपचारको व्यवस्था गर्न आवश्यक निर्देशन दिइएको र सोको व्यवस्था मिलाउन आवश्यक बजेट निकासा दिइएको छ ।

१०. प्रदेशभर खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीको सर्वसुलभ र सहज आपूर्ति व्यवस्था मिलाउन माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्तरीय र सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्षको संयोजकत्वमा स्थानीय तहस्तरीय अत्यावश्यक दैनिक उपभोग्य सामग्री आपूर्ति तथा अनुगमन समितिहरू गठन गरी कार्य अगाडि बढाइएको छ।

११. कोरोना भाइरस रोग (COVID–१९) को सम्वन्धमा Information Desk खडा गरी सूचना संकलन र प्रवाह गर्ने गरिएको छ ।

१२. कोरोना भाइरस रोग (COVID–१९) नियन्त्रण, रोकथाम तथा व्यवस्थापन गर्न आवश्यक पर्ने नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिमको क्वारेण्टाइन व्यवस्थापन र संचालन गर्न ११ वटै जिल्लाका स्थानीय तहहरुलाई लेखी पठाइएको छ।

१३. कोरोना भाइरस रोग (COVID–१९) नियन्त्रण, रोकथाम तथा व्यवस्थापन गर्ने सिलसिलामा प्रदेश अन्तर्गतका कृषि तालिम केन्द्र, मालेपाटन, स्वास्थ्य तालिम केन्द्र, रामघाट र शिक्षा तालिम केन्द्रहरुमा क्वारेन्टाइन सञ्चालन गर्न तयारी अवस्थामा राखिएको छ ।

१४. कोरोना भाइरस रोग (COVID–१९) नियन्त्रण, रोकथाम तथा व्यवस्थापन सम्वन्धमा Hello Doctor (Toll Free Number १०९२) सेवा सञ्चालन गरी स्वास्थ्य परामर्श दिने व्यवस्था मिलाइएको छ ।

१५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा माननीय मुख्यमन्त्रीज्यूको प्रत्यक्ष नियन्त्रणमा सञ्चालित हेलो मुख्यमन्त्री कक्ष र एक्सन रुमबाट कोरोना भाइरस रोग (COVID–१९) नियन्त्रण, रोकथाम तथा व्यवस्थापन सम्वन्धमा सर्वसाधारण नागरिकबाट प्राप्त गुनासा तथा सुझाव सम्बोधन गर्ने गरिएको छ ।